आज मिति २०८३/०४/२६ गते मङ्गलवार बेलुका ५:१० बजे यस सरावल गाउपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउपालिका अध्यक्ष श्री सुखाडी प्रसाद चौधरी थारुको अध्यक्षतामा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा देहायका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

| क स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुखाडी प्रसाद चौधरी थारु | अध्यक्ष | |
| २ | बासमती चमार | उपाध्यक्ष | |
| ३ | बुद्धन प्रसाद चौधरी | सदस्य | |
| ४ | नरेन्द्र प्रसाद चौधरी | सदस्य | |
| ५ | फिरंगी चौधरी | सदस्य | |
| ६ | सुरेश प्रसाद यादव | सदस्य | |
| ७ | लक्ष्मण प्रसाद चौधरी | सदस्य | |
| ८ | छोटेलाल गुप्ता | सदस्य | |
| ९ | हेयात खाँ धुनिया | सदस्य | |
| १० | उर्मिला कुमारी थारु | सदस्य | |
| ११ | कौशिल्या देवी चमार | सदस्य | |
| १२ | ज्ञान्त्री कुमारी चौधरी | सदस्य | ज्ञान्त्री |
| १३ | नेमा चौधरी | सदस्य | नेमा |
| १४ | रामनिवास नाउ | सदस्य | |
| १५ | रामानन्द चमार | सदस्य | |
| १६ | श्रीप्रसाद गौतम | सचिव | |

आमन्त्रित

१. नारायण पाण्डेय आर्थिक प्रशासन शाखा प्रमुख

२. इश्वरी प्रसाद खनाल योजना शाखा प्रमुख

३. नरेश कोहार सहायक लेखा अधिकृत

सहयोगी कर्मचारी

१.रंगिला चौधरी कार्यालय सहयोगी

२. राजेश यादव नगर प्रहरी

## २०८३ साउन २६ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु:

| क्र.सं. | शाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रशासन शाखा | ➢ मिति २०८३/०३/२२ को कार्यपालिकाको निर्णय समिक्षा गरियो, |
| २ | प्रशासन शाखा | ➢ गत आर्थिक वर्षमा ज्येष्ठ नागरिक अन्य शिर्षकमा रु १२,०००/- (बान्ह हजार) रकम कम भएकोले सरावल गाउँपालिका वडा नं. ६ बस्ने भिमली यादव (नागरिकता नं. ४/८१२५) लाई चौथो त्रैमासिकमा सामाजिक सुरक्षा वापतको रकम भुक्तानी हुन नसकेको हुँदा उक्त रकम चालु आ.व.मा भुक्तानी दिन सम्बन्धित निकायमा सिफारिस गर्ने, |
| ३ | शिक्षा शाखा | ➢ स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ अनुसार सरावल गाउँ शिक्षा योजना निर्माण तथा अद्यावधिकका लागि सरावल गाउँ शिक्षा समितिबाट कार्यदल गठन गरी गाउँ शिक्षा योजना निर्माण तथा अद्यावधिक गर्ने, |
| ४ | प्रशासन शाखा | ➢ सरावल गाउँपालिका अन्तर्गत कार्यक्षेत्र रही गाउँपालिकाको नियमन क्षेत्र भित्र रहेका निष्कृय सहकारी संस्थाहरुको सम्पत्ति र दायित्व एकीन गरी नियमानुसार खारेजी प्रक्रियामा लैजान सूचना जारी गर्ने, |
| ५ | प्रशासन शाखा | ➢ यस गाउँपालिका अन्तर्गत सरावल-१, तिलकपुर स्वास्थ्य चौकीमा सि.अ.न.मी अधिकृत छैठौं तहको पदमा कार्यरत श्री ज्योति खनाल (क.सं.नं. ) ले उच्च शिक्षा BNS (Bachelor of Nursing Science) अध्ययन गर्ने उद्देश्यले अध्ययन विदाको लागि पुर्व स्वीकृत माग गर्नु भएकोमा नियमानुसार विदा स्वीकृत हुने गरी हाललाई सहमती प्रदान गर्ने, |
| ६ | प्रशासन शाखा | ➢ यस सरावल गाउँपालिकामा अन्तर्गत विभिन्न तहमा कार्यरत कर्मचारीहरुमध्ये निश्चित पक्रिया पुरा गरी छनौट भएका कर्मचारीहरुलाई वार्षिक स्वीकृत कार्यक्रमको उत्कृष्ट कर्मचारी छनौट तथा सम्मान शिर्षकबाट भुक्तानी हुने गरी देहायको नगद पुरस्कार र प्रमाण पत्र सहित सम्मान गर्ने,<br>देहाय:<br>क. कार्यालय प्रमुख रु ३०,०००(तीस हजार), |

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | ख. सर्वोकृष्ट पुरस्कार रु २५,०००(पच्चिस हजार),<br>ग. उत्कृष्ट कर्मचारी रु १५,०००(पन्ध्र हजार), |
| ७ | शिक्षा शाखा | ➢ श्री महेन्द्र माध्यमिक विद्यालय सरावल-३, सरावलमा गाउँपालिका अनुदानमा माध्यमिक तह, गणित विषयको शिक्षक सोनु सहानीले राजीनामा दिएको हुँदा रिक्त भएको गाउँपालिका अनुदान करार शिक्षक दरबन्दी श्री महेन्द्र जनता माध्यमिक विद्यालय सरावल-६, गडौरीमा कायम गरी विज्ञापनका लागि अनुमती दिने, |
| ८ | भौतिक पुर्वाधार शाखा | ➢ सरावल गाउँपालिका वडा नं. ५ मा निर्माण हुन लागेको ठेक्का नं. 15/SRM/NCB/2082-83 Construction of Primary Hospital 15 Beds Hospital Building Work कार्यको गर्नको लागि सम्झौता बमोजिमको रकम रु १२,०४,८६,४४२.२५ ( बान्ह करोड चार लाख छयासी हजार चार सय बयालिस रुपैया पच्चिस पैसा ) (With Vat & PS. Without Contingency and Price Escalation ) मध्ये चालु आर्थिक वर्ष २०८३/०८४ मा रकम रु २,४०,००,०००/- (दुइ करोड चालिस लाख रुपैया) मोबिलाईजेसन सहित ५,००,००,०००/- (पाँच करोड रुपैया) बजेट व्यवस्थापनको लागि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा माग गर्ने, |
| ९ | प्रशासन शाखा | ➢ सरावल गाउँपालिका वडा नं. ५ बस्ने गोविन्द राजभरले अदालतको फैसला बमोजिम छुट जग्गा नामसारी गर्न निवेदन बमोजिम सिफारिस दिने, |

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत